**नमोबुद्ध नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय,**
**भकुण्डेवेशी, काभ्रेपलाञ्चोक**

# सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०२/२८

प्रस्तुत बिषयमा मिति २०८१/०२/२२ गतेको नगर कार्यपालिकाको निर्णय अनुसार निम्न बमोजिमको पदमा खुल्ला प्रतियोगिताको माध्यमबाट सेवा करारमा नियुक्ति गर्नुपर्ने भएकोले नगर कार्यपालिका बैठकबाट स्वीकृत " नगर प्रहरी सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८१" अनुसार तपसिल बमोजिमका पदमा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र कार्यालय समयमा तोकिएको आवश्यक कागजात सहित दरखास्त पेश गर्नका लागि सम्बन्धित सवैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| क्र.सं. | विज्ञापन नं. | पद | माग पद संख्या |
|---|---|---|---|
| १ | ०९/२०८०/०८१ | प्रहरी हवल्दार सहायक तृतीय स्तर | १ (एक) |
| २ | १०/२०८०/०८१ | प्रहरी जवान सहायक द्वितीय स्तर (पुरुष) | ३ (तिन) |
| ३ | ११/०८०/०८१ | प्रहरी जवान सहायक द्वितीय स्तर (महिला) | १ |

आवश्यक योग्यता

१. उल्लेखित विज्ञापनको आवश्यक योग्यता देहाय बमोजिम हुनेछः

(क) नेपाली नागरिकताको प्रमाण पत्र भएको,

(ख) दरखास्त आव्हान भएको मितिले १८ बर्ष उमेर पुरा भई ४५ बर्ष ननाघेको,

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(घ) कुनैपनि राजनीतिक दलको सदस्य नरहेको

(ङ) कुनै विध्वंसात्मक क्रियाकलापमा संलग्न नभएको,

(च) साधारण लेखपढ गरेको ,

(छ) महिलाहरुको लागि घटिमा उचाई ५ फिट, तौल ४२ के.जी. भएको र पुरुषको लागि घटिमा उचाई ५ फिट २ इन्च, तौल ५० के.जी. भएको,

(ज) पुरुषको हकमा छाति नफुल्लाउदा घटिमा ३१ इन्च र फुल्लाउँदा ३३ इन्च भएको,

शेषकान्त पौडेल
प्रमुख प्रशासकीय अधिकृत

(ज) पुरुषको हकमा छाति नफुल्लाउदा घटिमा ३१ इन्च र फुल्लाउँदा ३३ इन्च भएको,

(झ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,

(ञ) स्वीकृत चिकित्सक वा मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाण पत्र भएको,

(ट) सम्बन्धित इलाका वा वडा प्रहरीबाट जारी भएको चारित्रिक प्रमाणपत्र भएको,

(ठ) मोटसाइकल / गाडीको सवारी चालक अनुमतिपत्र प्राप्त भएको,

२. परीक्षाको किसिमः शारीरिक तन्दुरुस्ती र अन्तरवार्ता ।

३.परीक्षा मितिः सम्पर्क मितिमा तोकिनेछ ।

४. दरखास्त दस्तुरः प्रहरी हवल्दार सहायक तृतीय स्तरको हकमा रु.४०० (चार सय) र प्रहरी जवान सहायक द्वितीय स्तरको हकमा रु.३०० (तिन सय) ।

५. दरखास्त बुझाउने अन्तिम मितिः २०८१/०३/०९

६. दरखास्त बुझाउने स्थानः नमोबुद्ध नगरपालिका प्रशासन शाखा ।

७. परीक्षाको कार्यक्रमः दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको शारीरिक तन्दुरुस्तीको परीक्षण पश्चात अन्तरवार्ताको मिति प्रकाशन गरिनेछ ।

८. गर्नुपर्ने कार्यः "नगर प्रहरी सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८१"

९. सेवा तथा सुविधाहरुः नगर प्रहरी सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ बमोजिम हुनेछ ।

१०. शारीरिक तन्दुरुस्तीः १००० मिटर दौड ।

उम्मेदवार छनौट गरिदा नेपाल प्रहरी वा नेपाली सेना बाट सेवा निवृत भएका उपयुक्त/स्थानीयबासी उम्मेदवारलाई विशेष ग्राहयता दिइनेछ ।

२०८१।२।२८

शेषकान्त पौडेल
प्रमुख प्रशासकीय अधिकृत